# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

प.सं. :- २०८२/८३

च.नं. :-

बागमती प्रदेश, नेपाल

**अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग (सि.बी.आर.) कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः२०८३।०१।०४)**

किस्पाङ गाउँपालिका र बागमती प्रदेश सरकारबाट वित्तीय हस्तान्तरित कार्यक्रम(सशर्त अनुदान चालु तर्फ) आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम **अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम(Community Based Rehabilitation (CBR) Programs)** संचालनका लागि यस गाउँपालिकाभित्र अपाङ्गता सम्बन्धी काम गर्ने गैरसरकारी संस्थाहरुको साझेदारीमा संचालन गर्न यो सूचना जारी भएको मितिले १५(पन्ध्र) दिनभित्र तपसिलका योग्यता भएको ईच्छुक गैर सरकारी संस्थाहरुले प्रस्ताव पेश गर्न यो सूचना जारी गरिएको छ। सामाजिक विकास मन्त्रालयबाट प्राप्त कार्यविधि बमोजिम संस्था छनौट गर्ने अधिकार समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम समन्वय तथा अनुगमन समितिलाई हुनेछ।

तपसिलः

१. **दरखास्त पेश गर्न आवश्यक योग्यताहरुः**

- संस्था अपाङ्गता भएका व्यक्तिद्वारा संचालित हुनुपर्ने र विधानमा सबै अपाङ्गता भएका व्यक्तिका लागि काम गर्ने उद्देश्य भएको हुनुपर्ने। अभिभावकहरुका संस्थाको हकमा भने बौद्धिक अपाङ्गता, अटिजम, श्रवणदृष्टिविहिन, डाउनसिन्ड्रोम र बहुअपाङ्गता भएका व्यक्तिका अभिभावकहरुको संस्था हुनुपर्ने।
- संस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको र हरेक वर्ष नवीकरण गरेको हुनुपर्ने।
- संस्थाको आफ्नो कार्यालय र आधिकारिक सम्पर्क नम्बर, ईमेल ठेगाना भएको हुनुपर्ने।
- संस्था दर्ता नविकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको फोटोकपी
- संस्था समाज कल्याण परिषदमा आवद्ध र नियमित नवीकरण भएको हुनुपर्ने।
- संस्था स्थानीय तहमा सूचीकृत भएको हुनुपर्ने।
- संस्थासँग अपाङ्गता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने र नियमित लेखापरीक्षण गरेको हुनुपर्ने।
- संस्था वा संस्थामा काम गर्ने वर्तमान पदाधिकारी, कर्मचारी वा स्वयंसेवक कुनै लैङ्गिक तथा यौन दुर्व्यवहार,भेदभाव जन्य कामहरु, भ्रष्टाचार, गैरकानूनी काम वा कुनै प्रकारको फौजदारी कसूरको आरोप नलागेको वा कसूर ठहर नभएको हुनुपर्ने
- संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्शाउने कागजात, गत वर्षको वार्षिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन

२. प्रस्ताव दर्ताका लागि कुनै शुल्क लाग्ने छैन।

.......................................

केदार प्रसाद खतिवडा

प्रमुख प्रशासकीय अधिकृत